# प्राक्कथन

*गौँथली र देवकोटाको*

*एउटै गुँड़ छ ! एउटै गुण छ !*

**– देवकोटा**

नेपाली कविताको आधुनिक कालमा स्वच्छन्दतावादी धाराको प्रवर्त्तन गरी त्यसैको विकासपट्टि लागेका देवकोटाबाट समानन्तर रूपले अन्य काव्यिक विकासका धारा, चरण तथा मोड़हरू पनि शुरू भएका छन् । माध्यमिककालीन प्रवृत्ति तथा त्यसपछिको सङ्क्रमण समयको उहापोहबाट नेपाली कवितालाई झिकेर एउटा नयाँ र स्वतन्त्र अभिव्यञ्जनाको फाँट दिने देवकोटाको दृष्टिकोण सार्वभौम मानव–सभ्यताको संरक्षा र प्रगतिमा प्रतिबद्ध छ । यसैले अंग्रेजी साहित्यको रोमान्टिसिज्मबाट प्रभावित उनको स्वच्छन्दतावादमा व्यवहारवादी आवृत्ति मात्र नभएर उनको चिन्तन, परिवेश, मौलिक प्रतिभा अनुरूप परिवर्द्धन र परिमार्जन पनि भएको छ । मानवतावादी, स्वच्छन्दतावादी–प्रगतिवादी जस्ता विचारधारा देवकोटाका स्वचिन्तनगत योगदान बनेर स्वच्छन्दतावादी साहित्य–धारासँग समानन्तर रूपमा अघि बढ़ेको छ ।

लक्ष्मीप्रसाद देवकोटा यस कालका केन्द्रीय कवि–प्रतिभा हुन् । यद्यपि उनी यस कालका, आफैले शुरू गरेका कुनै पनि एक धारा वा मोड़मा केन्द्रस्थ छैनन् । सबै प्रवृत्ति वा धाराका सिर्जना–शक्तिलाई उत्प्रेरित गराई लगत्तै अर्को क्षेत्रको सन्धान वा निर्माणमा आफ्नो सम्पूर्ण उर्जा लगाउने देवकोटाको कवित्व बहुविध र बहुआयामिक छ । यसकारण उनका रचनात्मक साकल्यले एउटा विराट् संसारको विकल्प प्रस्तुत गरेको छ ।

लक्ष्मीप्रसाद देवकोटाका विविधता, प्रयोग र रचनात्मकतालाई बुझ्न उनका महाकाव्य, खण्डकाव्य अथवा अन्य अगणित कृतिहरू मात्र यथेष्ट हुँदैनन्। यसका निम्ति उनका फुटकर कविताहरूको अध्ययन आवश्यक हुँदछ। यसर्थ यहाँ त्यही दिशातिरको एउटा क्षुद्र प्रयास भएको छ। यस शोध-अध्ययनमा देवकोटाका फुटकर कविताहरूको शिल्प र भाव-पक्षको विशेषतास्वरूप बिम्ब-विधानको विश्लेषणात्मक अध्ययन गर्दै देवकोटाको सर्वाङ्गीन कवित्वको सर्वेक्षण पनि गरिएको छ।

यो शोधकार्य मैले सन् १९९५ मा उत्तर बङ्ग विश्वविद्यालयको नेपाली विभागअन्तर्गत पञ्जीकृत गराई मेरा पूज्यपाद गुरुवर प्रा. लक्ष्मीकान्त शर्माको निर्देशनमा शुरू गरेको हुँ। यस शोधकार्यमा उहाँको स्नेहशील, प्राज्ञिक व्यक्तित्वबाट मैले यथेष्ट सहयोग, निर्देशन र प्रेरणा पाएँ। यसको निम्ति म सदा उहाँप्रति ऋणी रहनेछु। यहाँ म उहाँप्रति आफ्नो सभक्ति कृतज्ञता अर्पण गर्दछु।

महाकवि लक्ष्मीप्रसाद देवकोटाका कविताहरूको शिल्प-पक्षलाई लिएर शोध-कार्य गर्ने इच्छा मलाई मेरो एम. ए. (स्नातकोत्तर) तहको अध्ययन-समयमा नै भएको हो। यस विषय र दिशातर्फ अघि बढ्ने हौसला मलाई मेरा आदरणीय गुरु डा. घनश्याम नेपालबाट सधैँ प्राप्त भइरह्यो। यस शोधकार्यको क्रममा समेत उहाँले कतिपय समस्याका गाँठोहरू फुकाएर सजिलो पारिदिनु भयो। कहिले काहीँ मभित्र आएको हतोत्साहको रोगलाई उहाँले नै निको पारिदिनु भयो। उहाँ सदा मेरो उर्जाको अक्षय-स्रोत हुनुहुन्छ। उहाँबाट मैले पाउनसकेको स्नेह, मार्गदर्शन र ज्ञानले सधैँ मलाई मेरो अप्ठेरोहरूमा उपकार गर्नेछ। म उहाँको यो गुन कहिल्यै बिर्सन सक्दिनँ। यहाँ म उहाँप्रति कृतज्ञता अर्पण गर्दछु।

मलाई देवकोटाका रचना-संसार देखाएर चकित पारिदिनु हुने मेरा आदरणीय गुरु डा. कुमारबहादुर जोशीलाई पनि म यहाँ स्मरण नगरी सक्दिनँ। देवकोटाका **मुनामदन, शाकुन्तल** जस्ता कृतिहरूको अध्यापन गर्दाहुँदी कुनै संवेदनशील प्रसंग र स्थानमा पुगी समानुभावका आँसु चुहाउनुहुने डा. जोशीले

मलाई देवकोटेली काव्य-जगत्को वस्तुपरक अध्ययन गर्ने प्रेरणा दिएका हुन् । आफू अस्वस्थ भएर पनि मेरो काठमाडौं-भ्रमणमा देवकोटा सम्बन्धित अनेकौं जानकारी मलाई प्रदान गर्नुभई आफ्नो अध्ययनशीलता र अध्यवसायको परिचय दिनुभयो । म उहाँप्रति पनि सहयोग, प्रेरणाको निम्ति कृतज्ञता ज्ञापन गर्दछु ।

नेपाली साहित्यका वरिष्ठ समालोचक डा. वासुदेव त्रिपाठीले पनि आफ्नो बहुमूल्य सुझाव साथै देवकोटाका काव्यको सन्दर्भमा महत्त्वपूर्ण सूचनाहरू प्रदान गर्नुभई मेरो यस शोधकार्यलाई उपयुक्त दिशा प्रदान गर्नु भएको छ । म उहाँप्रति कृतज्ञ रहेको छु । भाषाविद्, साहित्यकार डा. चुडामणि बन्धुबाट पनि मैले यस शोधकार्यको सन्दर्भमा सहयोग र सुझाव पाउन सकें, म उहाँप्रति पनि सदा कृतज्ञ रहनेछु । साहित्येतिहासका लेखक, कथाकार, नाटककार तथा समालोचक डा. मोहनराज शर्माले पनि उदारतापूर्वक देवकोटाका कविताबारे मलाई तथ्यहरू प्रदान गर्नुभएको छ । म उहाँप्रति पनि कृतज्ञ छु ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाका सुपुत्र डा. पद्मप्रसाद देवकोटा, केन्द्रीय विभाग, अंग्रेजी, त्रिभुवन विश्वविद्यालय, काठमाडौं, -बाट पनि मैले यस शोध-कार्यको सम्बन्धमा सुझाव र सहयोग पाउन सकें । म उहाँ प्रति पनि आफ्नो कृतज्ञता जनाउँदछु ।

यस शोध-कार्यलाई अघि बढाउन, समयमा लेखिसिध्याउन र चाहे जति पुस्तक-सामग्री, सन्दर्भ-सूचना जोगाड़ गर्नमा मलाई नेपाली साहित्यका कवि, समालोचक डा. जस योञ्जनले उदार मनले सघाउनु भएको छ । उहाँका सर्वपरिवारले पनि मलाई सदा हौसला, स्नेह र कार्यमा सधैँ लागिरहने प्रेरणा दिएका छन् । यसर्थ म यहाँ डा. जस योञ्जन एवं उहाँका परिवारप्रति आफ्नो कृतज्ञता जाहेर गर्दछु ।

महाकवि देवकोटाका अप्राप्य रहेका प्रायैः कविता संग्रहहरू र दुर्लभ भइसकेका कतिपय सन्दर्भ-पुस्तकहरू कुनै झिँजो नमानी दिनुभएर मेरा

आदरणीय गुरु प्राध्यापक रामलाल अधिकारीले मलाई ठूलो गुन लगाउनु भएको छ। म उहाँप्रति कृतज्ञ छु।

यो शोधकार्य पूर्ण गर्न मैले त्रिभुवन विश्वविद्यालय, काठमाडौं नेपालको केन्द्रीय पुस्तकालय, काशी हिन्दू विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, दार्जिलिङको देशबन्धु जिल्ला पुस्तकालय र उत्तर बङ्ग विश्वविद्यालयको ग्रन्थालयबाट प्रशस्त सहयोग लिएको छु। यी पुस्तकालयका अधिकारीवर्ग तथा कर्मचारीवृन्दमा सहयोगको निम्ति धन्यवाद ज्ञापन गर्दछु। विशेष त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालयका मुख्य-पुस्तकालय-अधिकारी श्री कृष्णमणि भण्डारी र उप-मुख्य-अधिकारी श्रीमती पार्वती नेपालले मलाई सहृदयतापूर्वक धेरै सहयोग पुऱ्याउनु भएको छ। म उहाँहरू प्रति सदा कृतज्ञ रहनेछु। शोधकार्यकै सन्दर्भमा मलाई बारम्बार झक्झकाइरहनु हुने मेरा अग्रजहरू आदरणीय डा. दिवाकर प्रधान, डा. राम भुजेल, डा. रबिन छेत्री, डा. नविन प्रधान डा. प्रकाश मुहुरी सबै समक्ष धन्यवाद ज्ञापन गर्दछु।

सधैँ मेरो उच्च-शिक्षा र उन्नतिप्रति जागरुक रहनुहुने मेरा माता-पिता मामाहरू, माइज्यूहरू, मेरा प्राथमिक पाठशालाका गुरुजन अनि माध्यमिक तथा माथिल्ला तहका पाठशाला, महाविद्यालय, विश्वविद्यालयका सम्पूर्ण गुरूजनप्रति सभक्ति, विनम्रतापूर्वक कृतज्ञता समर्पण गर्दछु।

शोधकार्यको निम्ति काठमाडौं पुग्दा मित्रवर राजेन्द्र सारा र उनका परिवार मलाई आत्मीयतापूर्वक वास दिए। यसको निम्ति म उहाँहरूप्रति कृतज्ञ छु आदरणीय दाजु, कवि अविनाश श्रेष्ठ, मित्र श्री रमेश गुरूङ, मित्र श्री उदय सोताङ मनिला सोताङ, श्री किरण मोक्तान, श्री मित्रकुमार लामा सबैले मलाई काठमाडौंमा आफूले सक्दो सघाउनु भयो। उहाँहरूको सहयोगलाई केवल धन्यवादले मात्र साटो फेर्न सकिँदैन। शोधकार्यको सन्दर्भमा कतिपल्ट अनेकौं जटिलता, अप्ठेरो र नबुझिने अन्योल परिस्थितिको सम्मुखिन पनि हुनुपऱ्यो। यस्तो बेलामा मित्रवर श्री पुष्कर

पराजुली, श्री प्रेमचन्द्र राईले मलाई ठूलो भर दिएका छन्। म उनीहरूलाई यहाँ धन्यवाद टक्र्याउँदछु। आदरणीय दाजु डा. परसुराम पौड्यालबाट पनि मैले सधैँ प्रेरणा र अघि बढ्ने जोश पाएँ। मेरो एम. ए. (स्नातकोत्तर) तहको अध्ययन-समयदेखि नै उहाँको भ्रातृवत् सहयोग मैले पाउँदै आएको छु। उहाँलाई पनि म धन्यवाद टक्र्याउँदछु। उत्तर बङ्ग विश्वविद्यालयका मेरा साथीहरू श्री डम्बर थापा र श्री विरबल शर्मालाई पनि उनीहरूको सहयोगको निम्ति धन्यवाद ज्ञापन गर्दछु।

यस शोध-प्रबन्धको मुद्रण व्यवस्था मिलाइदिनु भएर मलाई सहृदयतापूर्वक सघाउनुहुने आदरणीय दाजु श्री विजयकुमार राईको गुन म कहिल्यै बिर्सने छैनँ। यहाँ म उहाँलाई आफ्नो कृतज्ञता जनाउँदछु।

अन्त्यमा मेरो कार्य, अभिरूचि र लेखन-उर्जालाई सधैँ जागरूक बनाउने, हौसला, भरोसा दिने र मलाई आफ्नो आत्मविश्वास जोगाएर राख्नु भनेर सल्लाह दिने मेरी सहधर्मिणी अरुणालाई म यहाँ हार्दिक धन्यवाद दिँदछु। अस्तु।

**- सञ्जय**